# नेपाली सेना कल्याणकारी बोर्डको शैक्षिक चिन्तन

## परिचय

१. नेपाली सेनाले बि.सं. २०३५ सालमा मकवानपुर जिल्लाको भिमफेदीमा सर्वप्रथम सुपिङ्ग बहुमुखी आवासिय महाविध्यालय, त्रिभुवन विश्व विध्यालयसितको सहकार्य (Collaboration)मा स्थापना गरेको थियो। उक्त विध्यालयले विभिन्न कारणवश आशातित नतिजा हांसिल गर्न नसकेको कारण गठित कार्यदल (Taskforce)ले उक्त स्कुललाई दुर्गम स्थान देखि सुगम स्थानमा स्थानान्तर गर्ने, अर्थात उक्त स्कुललाई भक्तपुर जिल्लाको सल्लाघारीमा ल्याउने, त्रि.वि.वि. सितको सहकार्यमा त्रिभुवन विश्व विध्यालयबाट शिक्षकहरु ल्याउनको सट्टा कल्याणकारी कोषबाट शिक्षकहरुलाई आकर्षक तलब दिई उच्च स्तरको आफ्नै शिक्षकहरु भर्ना गर्ने र उच्च स्तरको ब्यवस्थापन गरि देशको लागि अनुशासित र उच्च गुणस्तरको शिक्षित जनशक्ति तयार गर्ने राय पेस गरेको थियो। तदानुसार उक्त स्कुललाई बि. सं. २०४२ साल चैत्र महिनामा भक्तपुरमा स्थानान्तर गरि, बि. सं. २०४३ साल पौष १४ गते, स्वर्गवासी राजा श्री ५ बीरेन्द्र बीर बिक्रम शाहदेव सरकारको जन्मोत्सवको दिन उक्त स्कुललाई श्री बीरेन्द्र सैनिक आवासिय महाविध्यालय नामाकरण गरिएको थियो।

२. परिकल्पना गरिए अनुसार श्री बीरेन्द्र सैनिक आवासिय महाविध्यालयले राम्रो नतिजा हांसिल गर्न शुरु गर्न थाल्यो। कक्षा ४ देखि विध्यार्थी भर्ना गर्न थालिएपछि बि.सं. २०५१साल देखि लगातार उक्त स्कुलको धेरैजसो विध्यार्थीहरु प्रथम श्रेणीमा उतिर्ण हुन थालेको र नतिजा सत् प्रतिशत ल्याउनुको साथै उक्त स्कुलको विध्यार्थीहरुले बोर्ड पोजिसनमा समेत स्थान लिन शुरु ग-यो। वि.सं. २०५२ सालमा ५ (पांच) विध्यार्थीहरुले बोर्ड पोजिसन ल्याउन समेत सफल भयो।

३. २०५६ सालमा यस विध्यालयमा अनुशासनका छिटफुट घटना घट्न थालेको, शिक्षकहरुमा असन्तुष्टी बढ्नाको साथै राम्रो शिक्षकहरुले स्कुल छाड्न थालेको, अभिभावक तथा विध्यार्थीहरु दुवै असन्तुष्ट देखिएको र नेपाली सेनामा धेरै जसोले यस स्कुललाई सेतो हांथीको उपमा दिने गरेको हुंदा, बि.सं. २०५६ सालमा अनुसन्धान गरी राय पेस गर्न एउटा कार्यदल गठन भएकोले उक्त कार्यदलले स्कुलको कमि कमजोरीहरु औल्याई अर्गनाईजेसनको प्रभावकारिता कसरी बढाउन सकिन्छ भनि श्री सै.वि.नि. र श्री बलाध्यक्ष विभागलाई राय सुझाव दिने काम भएको।

४. बि.सं. २०६१ सालमा तत्कालिन श्री ५ महाराजाधिराज ज्ञानेन्द्र बीर बिक्रम शाहबाट श्री बीरेन्द्र सैनिक आवासिय महाविध्यालयको अकस्मात निरीक्षण भ्रमण भएको र नेपाली सेनाको कल्याणकारी कार्यक्रम अन्तर्गत पन्च वर्षिय शैक्षिक गुरु योजना (Master Plan) सरकारबाट अनुमोदन भएको र सो योजना कार्यान्वय हुन गई हाल सम्ममा पांचवटै विकास क्षेत्रहरुमा ६ वटा सैनिक आवासिय महाविध्यालयहरु खोलि सकिएको छ। त्यसैगरि नेपाली सेनाको श्रीमती संघको संरक्षत्वमा ३ वटा सैनिक विध्यालय संचालनमा रहेको छ।

**<u>जनगुनासो</u>**

५. बि.सं. २०७०/७१सालमा सम्पन्न भएको भु.पू. सम्मेलनमा र २०७२ सालमा सम्पन्न भएको राष्ट्रिय भेला कार्यक्रमको दौरान देहाय बमोजिमका जनगुनासोका साथै रायहरु प्रकट भएकोः

**(क)** अ.प्रा.सैनिकका सिमित बच्चाहरुले मात्र कल्याणकारी कोषले प्रदान गरेको शिक्षाको सुविधा उपभोग गरिरहेको;

**(ख)** स्थान विशेषमा समेत सैनिक स्कुल खोलिनु पर्ने;

**(ग)** सैनिक स्कुलमा पढ्ने मौका नपाएका बांकी सबै बच्चाहरुले छात्रवृति पाउनु पर्ने, आदि।

**<u>कार्यदलको गठन</u>**

६. उपरोक्त बमोजिमको ब्यापक जनगुनासोका कारण श्री नेपाली सेना कल्याणकारी बोर्डले शिक्षा सम्बन्धमा विस्त्रित अध्ययन गरि राय सुझाव पेस गर्न पुर्व क्षेत्रकालागि प्रधानसेनापति महारथी श्री राजेन्द्र क्षेत्रीज्युबाट मनोनित क्षेत्रीय प्रतिनिधी अ.प्रा. रथी श्री फत्य बहादुर लिम्बुज्युको अध्यक्षतामा पुर्वाञ्चल क्षेत्रका अन्य अञ्चल प्रतिनीधिहरु, श्री कल्याणकारी योजना निर्देशनालयका प्रतिनिधी तथा श्री नेपाली सेना कल्याणकारी बोर्डका प्रतिनिधीहरुको सदस्यतामा कार्यदल गठन गर्ने र उक्त कार्यदलले पुर्वाञ्चल क्षेत्रको स्थलगत भ्रमणको साथै त्यहांको सैनिक विध्यालयको भ्रमण गर्ने र शिक्षाका विज्ञहरु सित समेत अन्तरकृया गरि सबैलाई समेट्ने गरि शिक्षा क्षेत्रमा सुधार ल्याउन उपयुक्त राय सुझाव पेस गर्न श्री प्रधान सेनातिज्युमा जाहेरी पेस हुंदा स्वीकृत भई आएकोले कार्यदलले अध्ययन कार्य सम्पन्न गरी नेपाली सेना कल्याणकारी बोर्ड मार्फत नेपाली सैनिक जंगी अड्डामा प्रतिवेदन पेस गरी सकेको छ।

**<u>कार्यदलको बनावट</u>**

७. कार्यदलको गठन देहाय बमोजिम गरिएको छः

| | |
|---|---|
| (क) रथी श्री फत्य बहादुर लिम्बु (अ.प्रा.) | - अध्यक्ष; |
| (ख) उ.र. श्री दिलिप कार्की (अ.प्रा.) | - सदस्य (अनुपस्थित); |
| (ग) स.र. श्री उदित नारायण देव (अ.प्रा.) | -सदस्य; |
| (घ) स.र. श्री देव बहादुर घले (अ.प्रा.) | -सदस्य; |
| (ङ) कल्याणकारी योजना निर्देशनालयका प्रतिनिधि सेनानी सुरेश काफ्ले | - सदस्य; |
| (च) म.से. श्री शाहजन खांड (अ.प्रा.) | -सदस्य सचिव। |

पुनश्चः उक्त कार्यदलमा कारण विशेषले उ.र. श्री दिलिप कार्की (अ.प्रा.) अनुपस्थित रहनु भएको।

**<u>कार्यदलको लक्ष</u>**

८. नेपाली सेनाका बहालवाला तथा अ.प्रा. सैनिकका छोरा-छोरीहरुको शिक्षाको लागि संचालित शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमको समिक्षा गरि परिमार्जनको लागि उपयुक्त राय सुझाव पेस गर्ने।

**<u>कार्यदलको प्रतिवेदन</u>**

९. कार्यदलले स्थलगत भ्रमण सम्पन्न गरि पृतना, बाहिनी, गण, सैनिक विध्यालय, जिल्लाका फोकल पोईण्ट (अ.प्रा. सैनिकहरुका प्रतिनिधी), सम्पर्क अधिकृतहरु (बहालवाला सैनिक) तथा शैक्षिक विज्ञहरु सित अन्तरकृया गरि देहाय बमोजिमको राय कार्यान्वयनको लागि नेपाली सेनाका प्रधान सेनापतिज्युको अध्यक्षतामा बसेको पि.एस.ओज. बैठकमा देहायका विषयहरुमा राय प्रस्तुत गर्ने काम सम्पन्न भएको छः

(क) सैनिक विध्यालय संचालनको जिम्मेवारी श्री कल्याणकारी योजना निर्देशनालयले गरि आएकोमा, श्री नेपाली सैनिक कल्याणकारी कोष संचालन तथा ब्यवस्थापन समितिबाट पारित श्री नेपाली सैनिक कल्याणकारी बोर्डको कार्यविधी-२०७०ले शिक्षालाई श्री नेपाली सेना कल्याणकारी बोर्ड अन्तर्गत राखेको तर विध्यालयको जिम्मेवारी श्री कल्याणकारी

योजना निर्देशनालयको जिम्मेवारीबाट नहटाएकोले अन्यौलको स्थिति सृजना हुन गएको थियो। तसर्थ कार्यदलले, विध्यालय संचालनको जिम्मेवारी साबिक बमोजिम विध्यालयहरुका संरक्षकहरुको नेतृत्वमा संचालक समितिहरुले प्रभावकारी ढंगबाट बिध्यालय संचालन गर्ने र नेपाली सेना कल्याणकारी बोर्ड अन्तर्गतको शिक्षा विभागमा अनुभवी शैक्षिक विज्ञलाई कार्यकारी अधिकृतको रुपमा राख्ने, निजको विभागमा म्यानेजमेन्ट विषयका विज्ञहरुलाई स्टाफको रुपमा राखी शिक्षा सम्बन्धी नीति, नियम र योजना निर्माण गर्ने तथा संचालक समितिहरु सित समन्वय गर्दै विध्यालयहरुको शैक्षिक गतिविधी अनुगमन गर्ने र संचालक समिति तथा संरक्षकहरुलाई समसामयिक तवरमा उपयुक्त राय सुझाव दिने प्रस्ताव पेस गरेको छ;

(ख) तत्काललाई विध्यालय संचालनको नीति तथा कार्यविधीमा केही सुधारको आवश्यकता देखिएकोले राय पेस गरिएको छ।

(ग) हाल विध्यालयको गुणस्तर उकास्नमा संचालक समितिको मुख्य भुमिका हुनु पर्ने महशुस गरि कार्यदलले संचालक समितिको भूमिका बढी प्रभावकारी बनाउन सुझाव दिएको छ;

(घ) सैनिक विध्यालयहरुमा संख्यात्मक भन्दा गुणात्मक शिक्षामा जोड दिन सुझाव दिईएको छ। तसर्थ राम्रो शिक्षकहरुलाई सैनिक स्कुलहरुमा टिकाई राख्न तलब र सुविधा अन्य प्राईवेट विध्यालयको तुलनामा आकर्षक बनाउन समेत सुझाव पेस गरिएको छ;

(ङ) बिध्यालयहरुको निरिक्षण भ्रमणको दौरान विध्यालयको सम्पर्क अधिकृत, प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा विध्यार्थीको राय सुझाव संकलन गरि उपयुक्त सुझावहरु सुधारको लागि राय पेस गरिएको छ;

(च) हिताधिकारी र संचालक समितिका अध्यक्षहरुसित अन्तरकृया गरि उपयुक्त राय सुझावहरु संकलन गरी सुधारको लागि राय पेस गरिएको;

(छ) शिक्षामा सबै हिताधिकारीहरुको पहुंच कसरी पु-याउन सकिन्छ भन्ने विषयमा अध्ययन गरि राय पेस गरिएको छ;

(ज) सबै सैनिक स्कुलहरुमा साधन सुविधा एकनासको हुनु पर्ने भनि सुझाव पेस गरिएको छ;

(झ) सिमित साधन-स्रोतको सदुपयोग (Optimal Utilization of Resources) बारे अध्ययन गर्दा केही सुधार गर्नु पर्ने क्षेत्रहरु देखिएकोले, कार्यदलबाट सो सम्बन्धमा केही सुझाव सिफारिस गरिएको छ;

(ञ) शिक्षामा सबैको पहुंच सन्दर्भमा, उपलब्ध विभिन्न उपायहरुको लेखाजोखा गरि उत्तम उपाय कारण समेत पेस गरिएको छ। जस्तै विकट जिल्लाका स्कुलहरुमा अध्ययन गर्ने विध्यार्थी स्कुलको गुणस्तर कम असल भएको कारण नत सैनिक स्कुलको प्रतियोगितामा छनौटमा पर्न सक्छ नत छात्रवृतिनै पाउन सक्छ। तसर्थ त्यस्ता विध्यार्थीहरुको लागि जिल्ला-जिल्लामा स्तरीय स्कुलको पहिचान गरि सम्बन्धित जिल्लाका विध्यार्थीहरुलाई केही कोटाको ब्यवस्था गरि छात्रवृति दिने ब्यवस्थाको लागि प्रस्ताव पेस गरिएको छ;

(ट) हाल सम्म सैनिक जवानहरुका घटिमा एउटा बच्चालाई शिक्षा सुविधा दिने लक्ष राखिएकोमा सोलाई बढाएर दुईवटा बच्चाहरुलाई समेट्ने सुझाव पेस गरिएको छ;

(ठ) उच्च स्तरीय शिक्षाको लागि सर्व प्रथम काठमाण्डुमा एउटा छात्रावास बनाउने सिफारिस गरिएको छ भने पछि मांग अनुसार सबै क्षेत्रहरुमा एउटा-एउटा छात्रावास बनाई उच्च शिक्षाको सुविधा उपलब्ध गराउने भनि सिफारिस पेस गरिएको छ;

(ड) डाक्टर र ईन्जिनीयर जस्ता खर्च बढी लाग्ने विषयमा पठन-पाठनका लागि नाम निकाल्न सफल विध्यार्थीहरुलाई सो विषय अध्ययनको लागि घर-जग्गा धितो राखेर भएपनि कोषबाट कर्जा दिलाउने बारेमा सम्बन्धितहरुको कर्जा फिर्ता गर्न सक्ने सामर्थ्य भएको र राम्रो योजना पेस गर्नेहरुलाई कर्जा दिलाउने बारे संभाब्यता अध्ययन गरि कार्यान्वयनमा ल्याउन सिफारिस पेस गरिएको छ।

**<u>संक्षेप</u>**

१०. नेपाली सेनाको बहालवाला र अ.प्रा. सैनिकहरुका बच्चाहरुलाई शिक्षाको अवसर दिनु एउटा ज्यादैनै महत्वपूर्ण विषय हो। कारण, आर्थिक दृष्टिकोणबाट निम्न स्तरका पदिक तथा जवानहरुको परिवारमा यदि एउटा मात्र बच्चाले राम्रो शिक्षा हांसिल गरि अधिकृत स्तरको पदमा जागिर खान्छ भने यसले ती परिवारहरुको जिवन स्तरमा र जिवन शैलीमा सकारात्मक प्रभाव पार्द छ। हाल सम्म नेपाली सैनिक विध्यालयहरुबाट शिक्षा हांसिल गर्ने कतिपय सैनिक जवानहरुका बच्चाहरुले महत्वपूर्ण स्थानमा उच्च ओहदामा पुगेको देखिन्छ। योनै सैनिक स्कुल तथा शिक्षा कार्यक्रमको उपलब्धी हो। तर धैरै जसो सैनिकका बच्चाहरु यस सेवाबाट बन्चित भैरहेको यथार्तलाई हेर्ने हो भने सन्तुष्ट भएर बस्ने बेला छैन र केही गर्नु पर्ने बेला भई सकेको छ।